

# राष्ट्र निर्माणमा नेपाल टेलिकमको भूमिका

**बद्रीप्रसाद ढकाल**
ले.अ. बिलिङ विभाग

वर्तमान समय सूचना र प्रविधिको युग हो । नेपाल गाउँ नै गाउँले भरिएको राज्य हो । सीमित शहरहरु पनि गाउँबाट अलग हुन सकेका छैनन् । काठमाडौं उपत्यकालाई पनि गाउँ नै गाउँले घेरेको छ । तारको सम्बन्धबाट मात्र होइन, ताररहित प्रविधिबाट एक ठाउँबाट अर्को ठाउँमा कुराकानी गराउने कार्यमा दूरसञ्चारको सर्वोपरि भूमिका रहेको हुन्छ । नेपालका धेरै स्थानहरुमा यसको आवश्यकता अझ पनि पूरा भएको पाइँदैन । भौगोलिक विकटता र विधिताले देश विकासमा बाधा पुऱ्याएको छ । नेपालको प्राकृतिक सौन्दर्य र संस्कृतिले भने विश्वलाई लोभ्याइरहेको छ । देशको सर्वोपरि विकासका लागि दूरसञ्चारको विकास महत्वपूर्ण हुन्छ र दूरसञ्चार सेवाको विकासका लागि नेपाल टेलिकमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

**दूरसञ्चार विकासक्रम :**

वैज्ञानिक अलेक्जेन्डर ग्राहमबेलले सर्वप्रथम अमेरिकाबाट अविष्कार गरेको टेलिफोन सेवा पछि विश्वभर फैलियो । इतिहास खोतल्ने हो भने नेपालमा सञ्चारको विकासक्रम खोज्न वि.सं. १८७२ सम्म पुग्नुपर्छ । भनिन्छ, आजभन्दा १९२ वर्षपहिले नेपालमा बृटिश रेजिमेन्टको स्थापना भएको थियो । त्यसै बेलादेखि नेपालमा टेलिग्राम सेवा शुरु भएको इतिहास भेटिन्छ । त्यसको झन्डै १०० वर्षपछि नेपालमा श्री ३ महाराजले सञ्चार सुविधा प्रयोग गरेका थिए । सञ्चार सेवालाई त्यस बखत काठमाडौंका मुख्य-मुख्य ठाउँमा पनि चालू गराइएको थियो । वि.सं. १९७२ देखि काठमाडौंबाट थानकोट, चिसापानी, भीमफेदी, भैंसे, हेटौंडा हुँदै वीरगन्जसम्म सञ्चार सेवा पुगेको पाइन्छ । तैपनि सर्वसाधारणले भने वि.सं. १९९२ देखि केही ठाउँमा मात्र यस्तो सेवा प्रयोग गर्न पाएका थिए ।

विकासक्रमसँगै नेपालमा आकाशवाणी सेवा वि.सं. २००५ देखि शुरु भएको हो । उक्त सेवालाई नेपालमा मोहन आकाशवाणीको नामले चिनिन्छ । प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१७) को अवधिमा टेलिफोन केवल नेटवर्कलाई भूमिबाट भूमिगत प्रणालीमा विकास गरियो । समयको वेगसँगै मोहन आकाशवाणी सेवाले फड्को मारेर काठमाडौंदेखि पाल्पा हुँदै भैरहवासम्म पुग्यो । समयचक्रसँगै काठमाडौंमा २०१२ सालमा ३०० लाइनको Manual Telephone Exchange को स्थापना भयो । उक्त Exchange को स्थापनाले सर्वसाधारणको लागि पनि सेवा उपभोगमा केही सरलता भयो । वि.सं. २०१८ सम्म कुनै थप सेवा सञ्चालनमा नआए तापनि उपत्यकाबाहिरका ६ जिल्लाका सदरमुकाममा सञ्चालन भएको आकाशवाणी सेवालाई टेलिफोन शाखामा गाभी २०१६ सालमा नेपाल टेलिकम्युनिकेसन विभागको स्थापना भयो । विभागको गठनपश्चात् राष्ट्रमा टेलिफोन लाइनको विस्तार भई राष्ट्रिय/अन्तर्राष्ट्रिय ट्रंकसहितको सञ्चार सेवा शुरु भएको इतिहास भेटिन्छ ।

तत्कालीन सरकारले वि.सं. २०१९ मा काठमाडौंको सुन्धारामा एक हजार लाइन क्षमताको क्रमवार टेलिफोन एक्सचेन्जको स्थापना गऱ्यो । त्यस बेला राज्यले दूरसञ्चार विकास गर्न अन्तर्राष्ट्रिय दाताहरुसँग हात बढाई विश्व बैंकको सहयोगमा नयाँ प्रविधिबाट विकास निर्माणका कामको थालनी गऱ्यो । समयको परिवर्तनसँगै टेलिकम्युनिकेसन विभागलाई वि.सं. २०२६ मा दूरसञ्चार बोर्डमा परिवर्तन गरियो । बोर्डमा परिवर्तन भएको ५ वर्षपछि वि.सं. २०३२ आषाढ १ गते नेपाल दूरसञ्चार संस्थानमा परिणत भएको थियो । पूर्ण सरकारी स्वामित्वमा सक्षम सार्वजनिक संस्थानको रुपमा परिचित नेपाल दूरसञ्चार संस्थान वि.सं. २०६१ बैशाख १ गतेदेखि नेपाल टेलिकममा परिणत भएको हो । संस्थाको ३२ वर्षे सेवा र कम्पनीको ३ वर्षे कार्यकालमा सञ्चारको सर्वोत्तम विकास भएको छ । सञ्चारको योजनाबद्ध विकासले गर्दा सूचनाको क्षेत्रमा नेपालले युगान्तकारी फड्को मारेको छ । प्रतिस्पर्धात्मक सञ्चार बजारमा राज्यले सञ्चार विकासको लागि भनेर अरु प्राइभेट पार्टीहरुलाई पनि भित्र्याएको छ तापनि ग्राहकहरुले टेलिकमको सेवाप्रति देखाएको विश्वासलाई महत्वपूर्ण मानिएको छ । स्तरीय सेवा प्रदानबाट प्राप्त ग्राहकको विश्वसनीयता र साथ नै टेलिकमको भविष्य हो भन्नुमा कुनै फरक पर्दैन ।

**सहुलियत दरमा सेवा प्रदान :**

टाढाको कुरा छाडौं, ३२ वर्षपहिलेसम्म एक कल टेलिफोन गर्न दुर्गम क्षेत्रका बासिन्दाले धेरै दिन हिँड्नु पर्दथ्यो । राज्यमा यस्तो अवस्था थियो भन्दा अहिले जो-कोहीले नपत्याउन पनि सक्छन् । तर त्यस बेला त्यस्तै थियो हाम्रो देशमा । आज त्यो युगको अन्त्य भएको छ । अहिले विश्वले २१औं शताब्दीको विकास चुमिरहेको छ । नेपालले पनि त्यो सेवाको उपभोग गरिरहेको छ । नेपाल टेलिकमले प्रत्येक

नेपालीको हातमा मोबाइल सेवा पुऱ्याउन सेवा विस्तार गरिरहेको छ । अहिले मोबाइल सेटबाट तत्काल विश्वभर कुरा गर्न सकिन्छ । यति मात्र हैन, विश्वका ५८ राष्ट्रहरुमा सहुलियत दरमा SMS सन्देश पठाउन सकिने व्यवस्था छ । भिडियो कन्फ्रेसिङ्गबाट टेलिमेडिसिन सेवा (दूरचिकित्सा प्रणाली)को पनि शुरुआत भइसकेको छ । नेपालमा यो प्रविधिबाट उपचार गर्ने पहिलो संस्था ओम हस्पिटल हो । यसलाई टेलिकम कम्पनीमा रुपान्तरण भएपछि थालिएको महत्वपूर्ण कदम मानिएको छ । यसबाट पनि प्रस्ट हुन्छ कि नेपाल टेलिकमले जनसेवा र राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ ।

विगत १० वर्ष द्वन्द्वको अवस्थामा अर्बौंको क्षति सहेर पनि यो कम्पनीले दूरसञ्चार सेवा पुऱ्याइरह्यो । अझ करोडौं खर्च गरेर भए पनि भौगोलिक विकटताको समेत परबाह नगरी ताररहित V-sat प्रविधिको माध्यमबाट गाउँ-गाउँमा सेवा पुऱ्याउने काम भयो । राज्यमा रहेका अन्य संस्थाहरुले पटक-पटक मूल्य वृद्धिबाट जनतामा महँगीको भार पारिरहेको बेलामा पनि टेलिकमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवामा समेत मूल्य कटौती गरी जनसेवा गरिरहेको छ । यसलाई नै टेलिकमले जनसेवा र राष्ट्र निर्माणमा गरेको गतिलो योगदान मान्न सकिन्छ । नेपालमा मूल्य बढाएर सेवा गर्ने संस्था त धेरै छन्, साबिक मूल्यमै कटौती गरी जनसेवा गर्ने एकमात्र संस्था नेपाल टेलिकम हो । सगरमाथाको उचाइमा पुगेको महँगीको मारलाई समेत परबाह नगरी सहुलित दरमा सेवा दिन सफल टेलिकमलाई जनसेवाको मेरुदण्ड र राष्ट्र निर्माणको धरोहर मान्न सकिन्छ ।

**आर्थिक योगदान :**

वास्तवमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड विगत लामो समयदेखि नै राज्यमा अग्रणी करदाताको रुपमा प्रस्तुत भएको छ । नेपाल सरकारलाई भुक्तानी गरेको आयकर, रोयल्टी, लाभांश तथा अन्य सेवा करको माध्यमबाट राज्यको विकास निर्माणमा कम्पनीले ठूलो हिस्सा ओगट्छ । नेपाल सरकारलाई यस कम्पनीले मूल्य अभिवृद्धि कर, सेवा शुल्क, स्वामित्व दस्तुर, आयकर, विशेष शुल्क, लाभांश तथा रोयल्टीजस्ता शीर्षकहरुमा रकम बुझाउने गर्दछ । विगत ५ दशकदेखि अविछिन्नरुपमा राष्ट्र निर्माणको महायज्ञमा सामेल भएको छ नेपाल टेलिकम । राज्यमा पुऱ्याएको सहुलियतपूर्ण सञ्चार सेवाको साथसाथै नेपाल सरकारलाई विगत ७ वर्षदेखि बुझाएको रकमले पनि राष्ट्र निर्माणमा टेलिकमको महत्वपूर्ण भूमिका रहेको प्रमाणित हुन्छ । यसैले टेलिकमलाई राष्ट्र निर्माणको मेरुदण्ड मान्न सकिन्छ । विगत केही वर्षदेखि राज्यको अर्थ व्यवस्थामा टेलिकमले अनुकूल योगदान पुऱ्याउँदै आएको बेहोरा तल उल्लिखित तथ्यांकबाट पुष्टयाइँ हुन्छ ।

**नेपाल सरकारलाई भुक्तानी रकम विवरण**

| क्र.सं. | आ.व. | शीर्षक विवरण | नेपाल सरकारलाई भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ०५७/०५८ | आयकर, लाभांश, मूल्य अभिवृद्धि कर, रायल्टी, स्वामित्व कर र सेवाशुल्क आदि | १ अर्ब ९१ करोड ३५ लाख | |
| २. | ०५८/०५९ | " | २ अर्ब ०३ करोड ३५ लाख | |
| ३. | ०५९/०६० | " | २ अर्ब ६५ करोड ८९ लाख | |
| ४. | ०६०/०६१ | " | ३ अर्ब ७६ करोड ०८ लाख | |
| ५. | ०६१/०६२ | " | २ अर्ब ५० करोड ६१ लाख | |
| ६. | ०६२/०६३ | " | ३ अर्ब १९ करोड २६ लाख | |
| ७. | ०६३/०६४ | " | ३ अर्ब ८१ करोड ७७ लाख | |

स्रोत : नेपाल टेलिकम, अर्थ विभाग, के.का.

उल्लिखित अर्बौंको राजस्वले राज्यको विकास निर्माणमा टेवा पुगेको स्वतसिद्ध छ । वितरित सेवालाई अझ चुस्त र स्तरीयताको कसीमा प्रभावकारी ढंगले जनताको घरदैलोमा पुगेपछि मात्र कम्पनीकरणको औचित्य पुस्टि हुन्छ ।

**निष्कर्ष :**

गौरव गर्नलायक विषय के छ भने नेपालका धेरै सरकारी संस्थानमध्ये टेलिकम नमुना बनेको छ । राज्यमा स्थापित धेरै संस्थाहरुले आफू बाँच्न र सेवा दिन मूल्यवृद्धिको सहारा लिइरहेको बेला टेलिकमले साबिक मूल्यमै कटौती गरी सेवा प्रदान गरिरहेको छ। थप आधुनिक सेवामा पनि मूल्य घटाएर ग्राहक सेवा गरिरहेको छ। यो पक्ष अरुका लागि चुनौती हो भने नेपाल टेलिकमका लागि गौरवको विषय हो । सामाजिक सेवा, देश विकासमा आर्थिक टेवा, ग्राहक सेवामा समर्पणजस्ता विषयहरुमा सञ्चारकर्मीहरु अझ चनाखो बन्नुपर्दछ। लाखौंलाख ग्राहक सन्तुष्टिका लागि मानव संसाधन व्यवस्थापनको वैज्ञानिकीकरण र ग्राहक मनोभावनाको विश्लेषणमा कम्पनीले गहन अध्ययन गर्नुपर्दछ। विवेकशील मानवपूँजी कम्पनीकै ठूलो सम्पत्ति हो। देशभर टेलिफोन सेवा विस्तार गरी उचित लागतमा स्तरीय सेवा प्रदान गर्नु कम्पनीको काम हो। राष्ट्रको आर्थिक उन्नतिमा अझै टेवा पुऱ्याउनु र सूचना प्रविधिको क्षेत्रमा अग्रस्थान राख्नु पनि कम्पनीको उद्देश्यभित्रै पर्दछ। सरल लागतमा सेवा प्रदान, उत्कृष्ट र भरपर्दो सेवा विस्तार, दक्षता र गुणस्तरमा सुधार, प्रतिस्पर्धाको माध्यमबाट सञ्चार बजार नियन्त्रण गर्न उपयुक्त कदमको साथसाथै कर्मचारीहरुको बानीमा सुधार मात्र होइन परिवर्तन नै गर्नुपर्ने सोचजस्ता कामहरुमा पनि कम्पनीले तत्काल ध्यान दिनुपर्दछ । यो कदमबाट नेपाल टेलिकम राष्ट्र निर्माणको महायज्ञमा अझै अगाडि बढ्न सक्छ । कम्पनीको चौथो वार्षिक उत्सव मनाउँदा ग्राहकसेवामा समर्पण भएर राष्ट्र निर्माणको महायज्ञमा कर्मचारीले प्रण गर्नुमा नै सार्थकता रहन्छ। ●